# स्थानीय राजपत्र

| अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड २ | संख्या १ | मिति ………… |
| भाग १<br>अर्जुनचौपारी गाउँपालिका<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ। | | |
| | | |

# अर्जुनचौपारी गाउँपालिकाको सार्वजनिक जग्गा एवं सम्पत्तिको संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०८१

प्रमाणीकरण मिति: २०८१/०३/०३

**प्रस्तावनाः**

गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तथा पर्ति जग्गाहरुको उचित संरक्षण गरी सोको प्रभावकारी र वैज्ञानिक उपयोगबाट गाउँपालिकाको आय समेत वृद्धि गर्ने अभिप्रायले यो सार्वजनिक जग्गा संरक्षण र उपयोग सम्बन्धी ऐन २०८१ तर्जुमा गरिएको छ। गाउँपालिकाको महत्वपूर्ण स्रोतको रुपमा रहेको जग्गाको सार्वजनिक उपयोग, संरक्षण र व्यवस्थापन गर्ने विषयलाई समेत यो ऐन मार्गदर्शक बन्नेछ। यस्तो ऐनको अभावमा सार्वजनिक जमिनको अनियन्त्रित र अव्यवस्थित प्रयोग हुनगई गाउँपालिकाको आयमा समेत प्रतिकूल असर पर्न सक्ने, अतिक्रमण हुनसक्ने, जग्गा संरक्षण तथा उपयोग ऐनका आधारमा नै गाउँपालिकाले यस सम्बन्धी योजना तथा कार्यक्रमहरु तर्जुमा एवम् कार्यान्वयन गर्न सहज हुने देखिएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम अर्जुनचौपारी गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्तनाम र प्रारम्भः**

(क) यो ऐनको नाम “सार्वजनिक जग्गा एवं सम्पत्ति संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०८१" रहेको छ।

(ख) यो ऐन गाउँ सभाको बैठकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमाः

(क) "सार्वजनिक जग्गा" भन्नाले नेपाल सरकारको स्वामित्वमा भई हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाको रेखदेख र संरक्षणमा रहेका जग्गाहरु सम्झनु पर्दछ।

(ख) "सार्वजनिक सम्पत्ति" नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको सम्पत्तिलाई सम्झनु पर्दछ।

(ग) "संरक्षण" भन्नाले गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण सार्वजनिक जग्गाहरुको अभिलेख, त्यसमा गाउँपालिकाको नियन्त्रण र त्यस्ता जग्गाको उचित संरक्षण र उपयोग समेतलाई जनाउदछ।

(घ) “अध्यक्ष वा उपाध्यक्ष भन्नाले अर्जुनचौपारी गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षलाई सम्झनपर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्छ।

(च) "वडा" भन्नाले अर्जुनचौपारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका वडा सम्झनुपर्दछ ।

(छ) "कार्यालय" भन्नाले अर्जुनचौपारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ज) "स्थानीय तह" भन्नाले अर्जुनचौपारी गाउँपालिकालाई सम्झनु पर्नेछ।

(झ) "पहिलो पक्ष" भन्नाले अर्जुनचौपारी गाउँपालिकालाई सम्झनु पर्नेछ।

(ञ) "दोस्रो पक्ष" भन्नाले सार्वजनिक जग्गा एवं सम्पत्ति उपयोगका लागि गाउँपालिकासँग सम्झौता गर्ने पक्षलाई सम्झनु पर्नेछ ।

**३. सार्वजनिक पर्ति जग्गाको विवरण संकलन गर्ने :**

३.१ गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरु एवं सम्पत्तिको लगत तयार गरी अभिलेख राखिनेछ। उक्त कार्यमा वडा समिति समेत सार्वजनिक जग्गा एवं सम्पत्तिको संरक्षण र अभिलेख राख्ने कार्यमा जिम्मेवार हुनु पर्नेछ।

**४. सार्वजनिक जग्गा संरक्षण गर्न सकिने क्षेत्रहरूः**

१. यस गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरू ऐतिहासिक, पुरातात्विक, सां स्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गा प्रयोगमा आएका वा नआएका सम्पत्तिको संरक्षण गरिनेछ ।

२. खुल्ला क्षेत्र, चोक, घाट, पाटी पौवा, धर्मशाला, धार्मिक तथा सांस्कृतिक स्थल, डाँडापाखा, चरन क्षेत्र, पानीको मुहान, खोला, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुँठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, लगत तयार गरी संरक्षण गरिनेछ। संरक्षित जग्गा एवं सम्पत्तिलाई गाउँपालिका आफै वा कानून बमोजिम निजि क्षेत्रले प्रयोग गर्ने गरी उपयोग गर्न सक्नेछ।

**५. सार्वजनिक जग्गा एवं सम्पत्ति हानी नोक्सानी सम्बन्धी सव्यवस्थाः**

१. गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा एवं सम्पत्तिलाई दुरुपयोग एवं हानी नोक्सानी हुने कुनै पनि कृयाकलाप गर्न पाईने छैन।

२. गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्ति एवं संरचनामा कुनै व्यक्ति वा संस्थाले हानी नोक्सानी वा क्षति पुऱ्याएमा क्षतिको मूल्याङ्कन गरी विगो कायम गरी विगो बराबरको जरिवाना लगाईनेछ।

**६. सार्वजनिक जग्गा उपयोग गर्न सकिने क्षेत्रहरूः**

१. जग्गाको स्वरुपमा परिवर्तन नहुने गरी सार्वजनिक जग्गाको रुपमा प्रयोग हुँदै आइरहेका जग्गालाई गाउँपालिकाको आय बृद्धि हुने गरी उपयोग गरिनेछ।

२. गाउँपालिकाको समग्र हित हुने खालको अन्य कार्यहरूमा गाउँपालिकाभित्र रहेका सार्वजनिक जग्गाहरूको प्रयोग गर्न सकिनेछ।

३. नेपाल सरकार, प्रदेश सरकार वा अन्य सरकारी निकायबाट निर्माण भएका भौतिक संरचनाहरू तर कार्यान्वयनमा नआएका त्यस्ता संरचनाहरूलाई गाउँपालिकाको हितमा प्रयोग गर्न सकिनेछ।

४. महत्वपूर्ण धार्मिक पर्यटकीय सार्वजनिक जग्गाको गाउँपालिकाले सम्बन्धित निकायसँग समन्वय गरी लगत कट्टा गर्न सक्नेछ।

५. हरियाली वन क्षेत्रमा रहेका सार्वजनिक जग्गामा वातावरणीय असर पुग्ने खालका कुनै प्रकारका संरचना बनाउने उद्देश्यले उपयोग गरिने छैन ।

**७. सार्वजनिक जग्गा एवं सम्पत्ति उपयोग गर्ने प्रकृयाः**

(१) दफा ३ बमोजिम पहिचानको भएका सार्वजनिक जग्गाहरु एवं सम्पत्तिलाई देहाय बमोजिम प्रयोगमा ल्याईनेछ।

क. गाउँपालिकाले आफ्नो लगानीमा उक्त जग्गामा संरचना निर्माण एवं सुधार गर्न सक्ने।

ख. नीजि क्षेत्रलाई अन्य व्यापारिक प्रयोजन नभई पर्यटकिय संरचना निर्माण जस्तै पार्क, उद्यान निर्माण गरी पर्यटकहरुलाई आकर्षित गर्ने उद्देश्यका साथै नीजि क्षेत्रबाट प्रस्ताव माग गर्न सकिने।

ग. कुनै पनि सार्वजनिक जग्गामा भौतिक संरचना निर्माण गरी प्रयोगमा नआई त्यस्तो संरचनामा रहेका फर्निचर फिक्चर्स, मेशीनरी औजार जस्ता सामाग्री उपयोग नभई नष्ट हुने देखिएमा त्यस्तो सामाग्री गाउँपालिकाको निर्णयानुसार उचित प्रयोगमा ल्याउन सकिनेछ।

घ. नीजि क्षेत्रलाई उक्त जग्गा एवं सम्पत्ति प्रदान गरी सो जग्गा उपयोग गर्ने कार्यमा सहजीकरण सिफारिस गर्न देहाय अनुसारको सिफारिस समिति रहनेछ।

| | |
|---|---|
| सार्वजनिक जग्गा एवं सम्पत्ति रहेको वडाको वडा अध्यक्ष | -संयोजक |
| कार्यपालिका सदस्य मध्येबाट गाउँ प्रमुखले तोकेको महिला सहित | -२ जना सदस्य |
| प्राविधिक शाखा प्रमुख | -सदस्य |
| योजना अधिकृत | -सदस्य सचिव |

कुनै सार्वजनिक जग्गा एवं सम्पत्ति १ देखिबढि वडा सम्म फैलिएर रहेको अवस्थामा सवै भन्दा वढी क्षेत्रफल ओगट्ने वडा अध्यक्ष उपरोक्त समितिको संयोजक हुनेछ र अर्को वडाका अध्यक्षहरु सदस्य रहनेछ

**८. सार्वजनिक जग्गा उपयोगमा ल्याउनका लागि आवश्यक प्रकृयाः**

(१) सार्वजनिक जग्गा एवं सम्पत्तिको उपयोग गर्न निजी क्षेत्रलाई संलग्न गराउनका लागि देहायका प्रकृया पुरा गर्नुपर्नेछ।

क. गाउँ सभाबाट सार्वजनिक जग्गा उपयोगमा ल्याउन उपयुक्त भएको ठहर।

ख. सार्वजनिक जग्गा एवं सम्पत्तिको प्रयोग निश्चित संरचना निर्माण सहित गाउँपालिकाको तर्फबाट प्रयोग गरिने हो वा जग्गाको स्वरुप परिवर्तन नहुने गरी निजी क्षेत्रलाई प्रदान गरिने हो सो वारे एकिन गर्ने।

ग. सार्वजनिक जग्गाको उपयोग एवं सम्पत्तिबाट गाउँपालिकालाई हुन सक्ने लाभको विश्लेषण सहित सहजीकरण समितिको सिफारिस

घ. कार्यपालिकाले आवश्यक छलफल गरी गाउँ सभामा सिफारिस।

ङ. गाउँ कार्यपालिकाबाट प्रस्तावको उपयुक्त भएको ठहर सहित निर्णय।

च. सार्वजनिक जग्गा एवं सम्पत्तिको संरक्षण र सुधार सहित सामान्य संरचना निर्माण गरी गाउँपालिकाले तोकि दिएको शुल्क लगानीकर्ता नीजि क्षेत्रले संकलन गर्न सक्नेछ ।

छ. यसरी संकलन गरिने रकम मध्ये गाउँ कार्यपालिकाले तोके अनुसार निश्चित रकम वार्षिक रुपमा गाउँपालिकालाई बुझाउनु पर्नेछ।

९. **कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेः** (१) सार्वजनिक जग्गा एवं सम्पत्ति संरक्षण र उपयोगका सम्बन्धमा कुनै विवाद भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

**१०. सम्झौता पुनरावलोकन गरिने**

(१) यस पुनरावलोकनका क्रममा लाभ लागत विश्लेषण गरी सम्झौतामा दुवै पक्षको सहमतीमा आवश्यक बुँदाहरु थप घट गर्न सकिने।

(२) उपदफा (१) बमोजिम पुनरावलोकनका लागि सहजीकरण समितिले अध्ययन गरी समसामयिक रुपमा सम्झौतामा गर्नुपर्ने हेरफेरका सम्बन्धमा गाउँकार्यपालिका समक्ष सिफारिस गर्ने।

(३) उपदफा (१) बमोजिम बजारको अवस्था विश्लेषण गरी वार्षिक रुपमा बुझाउन सहमति भएको रकमका सन्दर्भमा दुवै पक्ष सहमत भई १० प्रतिशत रकम थप गर्न गाउँकार्यपालिकामा सिफारिस गर्न सक्ने।

**११. सम्झौताका शर्तहरु उल्लंघन भएमा सम्झौता तोड्न सकिनेः**

(१) सार्वजनिक जग्गा एवं सम्पत्ति उपयोगका लागि भएको सम्झौताका शर्तहरुको पूर्ण पालना गर्नुपर्नेछ। शर्तहरुको पालना नगरिएको खण्डमा तत्काल सम्झौता रद्द गरि यसबाट भएको हानी नोक्सानी समेत दोस्रो पक्षसँग असुलउपर गरिनेछ ।

**१२. नियमित अनुगमन र प्रतिवेदन हुनेः**

(१) सम्झौता बमोजिम दोस्रो पक्षबाट हुने काम कारवाहीका काम सम्बन्धमा गाउँपालिकाका तर्फबाट नियमित अनुगमन गरिनेछ।

(२) दोस्रो पक्षले प्रत्येक वर्ष भए गरेका, कामहरु प्राप्त उपलब्धी एवं आइपरेका समस्या र समाधानको उपाय सहितको प्रतिवेदन प्रशासन शाखाबाट गाउँपालिकामा पेश गर्नुपर्नेछ।

**१३. बचाउ र खारेजीः**

(१) यो ऐन लागू हुनु भन्दा अघि सार्वजनिक जग्गा एवं सम्पत्तिको संरक्षण तथा उपयोग सम्वन्धमा यस गाउँपालिकाबाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए सरह मानिनेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमेजिम हुनेछ।